ऋति फाउण्डेसनले २०८१ सालमा गरेका विभिन्न अध्ययन तथा बहसमा आधारित

# कर्णाली प्रदेश सरकारले
# आर्थिक वर्ष २०८२/८३ को
# नीति तथा कार्यक्रम/बजेटमा सम्बोधन गर्नुपर्ने विषयहरु

ऋति फाउन्डेसन

समृद्ध कर्णालीका लागि

२०८२ बैशाख

+977-83521564 info@hriti.org hriti.org hritifoundation @hritiF hritifoundation hritifoundation

# प्रदेश संरचनालाई प्रभावकारी बनाउन नीतिगत सुधारका सुझावहरू (कर्णाली उत्सवबाट समेत)

| क्रस | के गर्ने ? (सुझाव) | किन गर्ने (आवश्यकता) | कसरी गर्ने ? (विधि/प्रक्रिया) |
|---|---|---|---|
| १ | स्थानीय तहसँग प्रदेशका साझा अधिकार भएका क्षेत्रका कानून निर्माणलाई प्राथमिकता दिनुपर्दछ। | स्थानीय तहको अधिकार सुनिश्चित गर्ने एवं स्थानीय/प्रदेश सरकारको सहकार्यलाई थप वलियो वनाउन। | स्थानीय तह र प्रदेशको साझा अधिकारमा के के कानुन बनेका छन् र के के बन्न बाँकि छन् ? हाल कार्यसन्चालनका क्रममा प्रदेश स्थानीय सम्बन्धमा रहेका कठिनाइ र यसमा कानुनी जटिलता पहिल्याई कानुन निर्माण गर्ने। |
| २ | प्रदेश सरकारबाट बनिसकेका कानूनहरूको प्रभावकारी कार्यान्वयन र प्रभावकारिता अध्ययन गर्ने। | कानूनको प्रभावकारिता र कार्यान्वयन सुनिश्चित गर्न। आम नागरिकहरुमा प्रदेश सरकारको उपस्थिति बलियो रुपमा देखाउन। | उत्तर विधायिकी परीक्षण (Post Legislative Scrutiny) गर्नुपर्ने, र आवश्यक परिमार्जन वा संशोधन गर्ने। कर्णाली प्रदेश योजना आयोगको बार्षिक बजेट कार्यक्रममा यो विषयको लागि बजेट विनियोजन गर्ने। |
| ३ | नीतिनिर्माणमा युवा सहभागिता सुनिश्चित गर्ने | युवा जनसङ्ख्याको सक्रिय भूमिका र भोलिका नीति निर्माताहरूको तयारी। प्रदेश संरचनाप्रति युवाहरुलाई सकारात्मक बनाउन। | प्रदेश सभा र संसदीय समितिसँग काम गर्ने अवसर सिर्जना गर्नु, युवा सहभागिताका लागि मंचहरू तयार गर्नु। |
| ४ | स्थानीय तहलाई वित्तीय हस्तान्तरणको समयसीमा र बजेटको पूर्वानुमान सुनिश्चित गर्ने। | बजेट व्यवस्थापन र स्रोतको प्रभावकारी वितरण। | पौष महिनासम्म स्पष्ट बजेट खाका उपलब्ध गराउने र समानीकरण अनुदान बढाउन पहल गर्ने। |
| ५ | स्थानीय तहलाई आन्तरिक राजस्व स्रोत पहिचान र परिचालनमा सहयोग पुर्याउने। | स्थानीय तहको आर्थिक आत्मनिर्भरता सुनिश्चित गर्नु। | नीतिगत र प्राविधिक सहयोग उपलब्ध गराउने। स्थानीय तहमा बनेका राजश्व सुधार योजनाहरुको पुनरालोवकन गर्ने र नबनेको भएमा वनाउन सहयोग गर्ने। |
| ७ | प्रदेश एवं स्थानीय तहका निर्वाचित जनप्रतिनिधि र कर्मचारीका लागि क्षमता तालिम कार्यक्रम सञ्चालन गर्ने। | प्रतिनिधिहरू र कर्मचारीहरूको क्षमता र दक्षता वृद्धिले समग्र सेवा प्रवाहलाई नै नागरिकमैत्री बनाउन मद्धत पुग्दछ। | कर्णाली प्रदेश प्रशिक्षण प्रतिष्ठानलाई सुदृढ पार्दै तालिम कार्यक्रम आयोजना गर्नु। प्रतिष्ठानले प्रदेशसभा सदस्यहरुलाई पनि क्षमता विकासका तालिमका लागि श्रोत व्यवस्थापन गर्ने। |
| ८ | कर्मचारी मूल्याङ्कन प्रणाली र कार्यप्रगति मूल्याङ्कनमा सम्बन्ध जोड्ने। | कर्मचारीको कार्यसम्पादनको प्रभावकारिता र कार्यालयको प्रगति सुनिश्चित गर्ने जसले बजेट कार्यान्वयन प्रभावकारिता वढाउन सहयोग पुग्नेछ। | मूल्याङ्कन प्रणालीलाई कार्यप्रगति मूल्याङ्कनसँग जोड्ने, उत्कृष्ट वित्तिय प्रगती भएका कार्यालयका कर्मचारीहरुलाई कार्यसम्पादन मुल्यांकनमा वढी नम्वर दिने नीति ल्याउने। |
| ९ | नेतृत्व परिवर्तन भएता पनि योजनाको निरन्तरता सुनिश्चित गर्ने। | विकासका योजनाहरूको निरन्तरता र स्थिरता। | नेतृत्व परिवर्तनमा पनि योजना निरन्तरताका लागि प्रणाली विकास गर्ने, नयाँ पुस्तामा ज्ञान हस्तान्तरणको व्यवस्था मिलाउने। |

## योजना तथा बजेट निर्माण तथा कार्यान्वयनमा सुधारका सुझावहरू (कर्णाली उत्सवबाट समेत)

| क्रस | के गर्ने ? (सुझाव) | किन गर्ने (आवश्यकता) | कसरी गर्ने ? (विधि/प्रक्रिया) |
|---|---|---|---|
| १ | बजेट तर्जुमा, परियोजना छनोट र प्राथमिकता निर्धारणका लागि बनेर हाल कार्यान्वयनमा रहेका कार्यविधि प्रभावकारी रुपमा कार्यान्वयन गर्ने | योजनाहरूको पारदर्शिता र प्रभावकारिता सुनिश्चित गर्न। | स्पष्ट कानुनी ढाँचा र समयसीमा तयार गर्दै, यसलाई कार्यान्वयनमा ल्याउने। कार्यविधिको कार्यान्वयन प्रगति निरन्तर मापन गर्ने। |
| २ | प्रदेशको आन्तरिक आयस्रोत बढाउनका लागि सम्भाव्यता अध्ययन र नयाँ स्रोतहरूको पहिचान गर्ने | प्रदेशको आन्तरिक आय वृद्धि र आत्मनिर्भरता सुनिश्चित गर्न। | स्रोतहरूको पहिचान र परिचालनका लागि सम्भाव्यता अध्ययन गर्न र नयाँ स्रोतहरूको विकास गर्ने। आन्तरिक राजश्वका थप क्षेत्रहरु विस्तारमा रहेका कानुनी समस्याहरुको समाधान गर्ने। |
| ३ | डिजिटल भोटिङको प्रयोगमार्फत प्राथमिकता निर्धारण गर्ने अभ्यास थालनी गर्न सकिने | प्राथमिकता निर्धारणमा पारदर्शिता र सर्वसुलभता सुनिश्चित गर्नको लागि एवं योजना निर्माणमा आम नागरिकहरुको सहभागिता वढाउन। | डिजिटल भोटिङ प्रणालीको माध्यमबाट प्राथमिकताहरू निर्धारण गर्ने। |
| ४ | बजेट कार्यान्वयनमा स्पष्ट जिम्मेवारी र जवाफदेहिता निर्धारण गर्ने | बजेट कार्यान्वयनको प्रभावकारिता र जवाफदेही सुनिश्चित गर्न। प्रदेश सरकारमाथि कमजोर वित्तिय कार्यसम्पादन रहेको विषयमा निरन्तर आइरहने प्रश्नहरुको सम्बोधन गर्न। | जिम्मेवारी र जवाफदेहिता निर्धारण गर्दै, कार्यान्वयन प्रक्रियामा स्पष्टता ल्याउनु। बजेट कार्यान्वयन जिम्मेवारीलाई पुरस्कार र दण्डको दायरामा ल्याउने। |
| ५ | कर्मचारीलाई कार्यसम्पादनका आधारमा पुरस्कार र दण्डको व्यवस्था गर्ने | कर्मचारीको कार्यसम्पादनमा सुधार र उत्तम कार्यको उत्साहित गर्न। | कार्यसम्पादन मूल्याङ्कनमा आधारित पुरस्कार र दण्ड व्यवस्था लागू गर्नु। |
| ६ | बजेटसम्बन्धी सूचना सार्वजनिक गर्ने | बजेटको पारदर्शिता र जनसहभागिता बढाउन। | बजेटसम्बन्धी सूचना वेबसाइट, सूचना पाटी र सञ्चार माध्यममार्फत सार्वजनिक गर्ने। आम मानिसहरुले आफ्नो क्षेत्रमा कुन योजनालाई प्राथमिकतामा राखेका छन् भन्ने कुरा थाहा पाउने। नागरिक सहभागिता सुनिश्चित गर्न छलफल, सार्वजनिक सुनुवाइ र सुझाव संकलन गर्न |
| ७ | गैरसरकारी र निजी क्षेत्रलाई बजेट तर्जुमा प्रक्रियामा समावेश गर्ने | बजेटमा विविध दृष्टिकोण र गुणस्तरीय योगदान ल्याउन। | गैरसरकारी तथा निजी क्षेत्रका प्रतिनिधिहरूसँग बजेट निर्माण प्रक्रियामा सहभागिता जनाउने। पर्याप्त मात्रामा प्रदेश सरकारकै अग्रसरतामा पुर्वबजेट छलफलहरु आयोजना गर्ने। |
| ८ | स्रोतको यथार्थ अध्ययन र परियोजनाको सम्भाव्यता मूल्याङ्कनपछि मात्र बजेट विनियोजन गर्ने | परियोजनाको प्रभावकारिता र अनावश्यक बजेट विनियोजन रोक्न। | परियोजनाको सम्भाव्यता मूल्याङ्कन पछि मात्र बजेट विनियोजन गर्ने र स्पष्ट चिनिएका परियोजनामा मात्र बजेट विनियोजन गर्ने। तथ्यमा आधारित योजना निर्माण गर्ने। |

| | | | |
|---|---|---|---|
| | | | उदाहरणका लागि यस कार्यमा बजार प्रणाली विकास विधी (Market System Development Approach) प्रयोग गर्न सकिन्छ। |
| ९ | बजेट कार्यान्वयनको वार्षिक कार्यतालिका बनाउने र त्यसलाई चौमासिक अनुसार मुल्यांकन गर्ने। | कार्यान्वयनको समयसीमा र प्रभावकारिता सुनिश्चित गर्नु। | कार्यतालिका तयार गरेर समयमै कार्यान्वयन गर्ने। मुख्यमन्त्रीले हरेक महिनाको अन्त्यमा प्रदेश कोष तथा लेखा नियन्त्रक कार्यालयको तथ्यांक आउनसाथ सवै मन्त्रालयको संयुक्त वैठक राखि कार्यान्वयनको सम्बन्धमा छलफल गर्ने। |
| १० | प्रत्येक आयोजनाको नियमित अनुगमन र समीक्षा बैठकको व्यवस्था गर्ने | योजनाको प्रभावकारिता र समयमै कार्यान्वयन सुनिश्चित गर्नु। | आयोजनाको नियमित अनुगमन र समीक्षा बैठकको व्यवस्था गर्न, र अनुगमन संयन्त्रलाई डिजिटल र स्वचालित रिपोर्टिङ प्रणालीमा रूपान्तरण गर्ने। |
| ११ | खर्च गर्ने निकायहरूको क्षमताको विश्लेषण गरी आवश्यक प्रशिक्षण गर्ने | परियोजना कार्यान्वयनको गुणस्तर र दक्षता वृद्धि। | खर्च गर्ने निकायको क्षमता विश्लेषण गर्दै, कर्मचारीहरूको लागि आवश्यक तालिम र दक्षता विकास गर्नु। |
| १२ | उद्यमशीलता प्रवर्द्धन गर्ने कार्यक्रमहरू सञ्चालन गरी आन्तरिक राजस्व वृद्धिको रणनीति बनाउने | आन्तरिक आय स्रोतको वृद्धि र उद्यमशीलता प्रवर्द्धन। | उद्यमशीलता प्रवर्द्धन कार्यक्रम सञ्चालन गर्दै आन्तरिक राजस्व वृद्धिको रणनीति बनाउने। |
| १३ | वैज्ञानिक र तथ्यांकमा आधारित योजना छनोट प्रणाली लागू गर्ने | योजनाको प्रभावकारिता र पारदर्शिता सुनिश्चित गर्नु। | वैज्ञानिक र तथ्यांकमा आधारित योजना छनोट प्रणालीलाई लागू गर्ने। |

## कर्णालीको स्याउ उत्पादन, वजारीकरण सम्बन्धमा ऋति फाउन्डेसनको अध्ययनबाट सुझावहरु

| क्रस | के गर्ने ? (सुझाव) | किन गर्ने (आवश्यकता) | कसरी गर्ने ? (विधि/प्रक्रिया) |
|---|---|---|---|
| १ | कर्णाली प्रदेश सरकारले स्याउ खेती, नीति निर्माण र कर्णाली प्रदेशमा स्याउ खेति प्रर्वद्धनको लागि एक अधिकारसम्पन्न स्याउ विकास बोर्ड स्थापना गर्नुपर्छ। | स्याउको उत्पादन र यसको उद्योगको समग्र विकासको लागि एक सशक्त र अधिकारसम्पन्न बोर्ड आवश्यक छ। नेपालमा कफि विकास वोर्डको उदाहरणले पनि देखाउँछ वस्तु केन्द्रित वोर्डले प्रभावकारी रुपमा काम गर्न सक्छ। | स्याउ विकास बोर्ड गठन गरेर यसका कार्यान्वयन र समन्वयका लागि सबै सरोकारवालाहरूसँग मिलेर नीति निर्माण गर्ने। |
| २ | स्थानीय सरकार वा सहकारीहरूले स्थानीय व्यापारीहरूसँगको साझेदारीमा सम्बन्धित क्षेत्रमा स्याउको स्तर निर्धारण (grading) र वर्गीकरण (sorting) का लागि आवश्यक उपकरण र मेशिनरी सहित संकलन केन्द्रहरू स्थापना गर्न निजी क्षेत्रलाई प्रोत्साहान गर्नुपर्छ। | किसानहरूले स्याउको गुणस्तर निर्धारण गर्न सजिलो बनाउन र बजारमा योग्य उत्पादन पठाउन आवश्यक उपकरण र मेशिनरीको अभाव छ। | स्थानीय सरकार र सहकारीहरूलाई निजी क्षेत्रसँग मिलेर स्याउ ग्रेडिङ र sorting गर्ने उपकरणहरू लगानी गर्न प्रोत्साहित गर्ने। मुक्तिनाथ कृषि कम्पनी जस्ता नीजि क्षेत्रलाई यस कार्यमा प्रोत्साहित गर्ने। |
| ३ | सानो आकारको र कम गुणस्तरका स्याउको बजार माग सुनिश्चित गर्न र नोक्सानी कम गर्न सार्वजनिक निजी साझेदारी (Public Private Partnership) मार्फत स्याउको जुस, साइडर, जाम लगायत उत्पादन गर्न साना स्तरका प्रशोधन सुविधाहरू स्थापना गर्नुपर्छ। | सानो आकारका स्याउहरूको बजारमा उपयुक्त मूल्य प्राप्त गर्न र नोक्सानी कम गर्नका लागि प्रशोधन आवश्यक छ। | सार्वजनिक र निजी क्षेत्रको साझेदारीमा साना प्रशोधन उद्योगहरू स्थापना गर्न र स्याउको प्रशोधन उत्पादहरूको विविधीकरण गर्ने। |
| ४ | ढुवानीका क्रममा हुने क्षतिलाई रोक्न स्तरीकृत, उच्च-गुणस्तरको प्याकेजिङ्ग सामग्रीहरूको प्रयोग लागू गर्न सरकारले निजी क्षेत्रसँग साझेदारी गर्नुपर्छ। | ढुवानीका क्रममा स्याउको क्षति र गुणस्तरमा कमी आउन सक्छ। | प्याकेजिङ्ग उद्योगलाई प्रोत्साहन गर्न र गुणस्तरीय प्याकेजिङ्ग सामग्रीको प्रयोगमा सरकारी सहयोग गर्न। |
| ५ | प्रदेश सरकारले कर्णाली प्रदेशको स्याउको अर्गानिक, स्वादिष्ट र पौष्टिक गुणहरूमा जोड दिँदै राष्ट्रव्यापी बजारीकरण अभियान सुरु गर्नुपर्छ। | कर्णाली प्रदेशको स्याउको बजारमा फरक पहिचान र उच्च मूल्यको उत्पादनको आवश्यकता छ। | जुम्ला स्याउको प्याकेजिङ्ग र ब्राण्डिङका लागि छुट्टै लोगो सिर्जना गर्दै, राष्ट्रिय बजारीकरण अभियान सञ्चालन गर्ने। तर त्यसभन्दा अगाडी एक सक्षम व्रान्डिग कम्पनी मार्फत कर्णालीको विभिन्न जिल्लामा उत्पादन हुने स्याउ के कसरी व्रान्डिग गर्ने भन्ने विस्तृत व्रान्डिग रणनीतिको निर्माण गर्ने। |
| ६ | प्रदेश सरकारले गैर-सरकारी संस्थाहरूसँगको सहकार्यमा स्याउ किसानहरूका लागि आधुनिक खेती | उच्च उत्पादन र खेतीको गुणस्तर सुधार गर्नका लागि नयाँ प्रविधिको आवश्यकता | कृषकहरूलाई आधुनिक खेती प्रविधिहरू र कीट व्यवस्थापन सम्बन्धी तालिम प्रदान गर्न। |

| | | | |
|---|---|---|---|
| | प्रविधि, कीट व्यवस्थापन र कुशल फसल काट्ने तरिकाहरूमा केन्द्रित व्यापक तालिम कार्यक्रमहरू सञ्चालन गर्नुपर्छ। | छ। | |
| ७ | आवश्यक उत्पादन सामग्री र विस्तार सेवाहरू प्रदान गर्न सरकारले मूल्य शृङ्खला (Value Chain) मा निजी क्षेत्रलाई संलग्न गराउनुपर्छ। | कृषकहरूलाई सस्तो र गुणस्तरीय उत्पादन सामग्री र सेवा उपलब्ध गराउनका लागि निजी क्षेत्रको सहभागिता आवश्यक छ। | मूल्य शृङ्खलामा निजी क्षेत्रलाई सहभागी गराउँदै, सरकारको सहयोगमा लागत साझेदारी गर्ने। |
| ८ | कर्णालीका उपयुक्त क्षेत्रहरूमा स्याउ खेतीको क्षेत्र विस्तारलाई प्राथमिकता दिने र यसमा लगानी गर्ने नीतिलाई निरन्तरता दिनुपर्छ। | स्याउ खेतीको विस्तार र यसमा दीर्घकालिक लगानीको आवश्यकता छ। | कर्णालीका उपयुक्त क्षेत्रहरूमा स्याउ खेतीको लागि लगानी र नीति समर्थन बढाउने।<br>उपल्लो कर्णालीमा रहेका खाली भुभागहरु जहाँ स्याउ खेतीको संभावना छ, त्यो जमिनलाई व्यवसायिक प्रयोजनको लागि भाडामा दिन सकिने नीति ल्याउने। |
| ९ | स्थानीय संकलकहरु (व्यक्तिगत वा संस्थागत) लाई राज्यको निकायमा दर्ता हुन लगाउने र सो वापत सरकारका कार्यक्रमबाट उनीहरुलाई लाभान्वित बनाउनुपर्छ। | स्याउ सम्बन्धी तथ्यांक प्रणाली थप प्रभावकारी वनाउन एवं एकरुपता ल्याउन। स्थानीय संकलकहरुलाई दिर्घकालिन रुपमा स्याउको व्यवसायमा संलग्न गराइराख्न। | स्थानीय तहमार्फत संकलहरुको विवरण संकलन गर्ने। ती विवरणको आधारमा सरकारका कार्यक्रमको प्राथमिकता निर्धारण गर्ने। |

## रारा र कर्णालीको पर्यटनसँग सम्बन्धित ऋति फाउन्डेसनको अध्ययनका सुझावहरु

| क्रस | के गर्ने ? (सुझाव) | किन गर्ने (आवश्यकता) | कसरी गर्ने ? (विधि/प्रक्रिया) |
|---|---|---|---|
| १ | रारा लगायतका कर्णालीका पर्यटकीय स्थल नजिक होटल र अन्य पूर्वाधार निर्माणका लागि निजी क्षेत्रसँग समन्वय र कर छुट लगायतका सहुलियतद्वारा निजी क्षेत्रको सहभागीता बढाउनुपर्छ। | कर्णालीमा पर्यटकीय पूर्वाधारको विकासका लागि निजी क्षेत्रको संलग्नता आवश्यक छ। | प्रदेश सरकारले संघीय र स्थानीय सरकारसँग समन्वय गर्दै कर छुट र अन्य प्रोत्साहनद्वारा निजी क्षेत्रलाई आकर्षित गर्नुपर्छ। |
| २ | रारा/कर्णालीमा पर्यटकको बसाइ लम्ब्याउन साहसिक पर्यटन र जुम्लादेखि रारासम्मको ट्रेकिङ मार्गको प्रवर्द्धन गर्न आवश्यक छ। | पर्यटकहरूको बसाइ लम्ब्याउने र क्षेत्रको साहसिक पर्यटनलाई प्रवर्द्धन गर्न। | रारा तालदेखि डोल्पाको शे-फोक्सुण्डो सम्मको ट्रेकिङ मार्गऽ जुम्लादेखि सिँजा हुँदै रारासम्मको ट्रेकिङ मार्गको प्रचार गर्ने, र पर्यटन सर्किटहरूलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय स्तरमा प्रवर्द्धन गर्ने। |
| ३ | मुगु र डोल्पाको सिमानामा रहेको 'डोल्फु' गाउँलाई सांस्कृतिक केन्द्रको रूपमा प्रवर्द्धन गर्न सकिन्छ। | सांस्कृतिक समृद्धि र पर्यटकीय आकर्षणलाई जोडेर पर्यटकहरूको आकर्षण बढाउन। | सांस्कृतिक केन्द्रको रूपमा 'डोल्फु' गाउँलाई प्रवर्द्धन गर्ने र स्थानीय सांस्कृतिक प्रदर्शनका कार्यक्रमहरू आयोजना गर्ने। |
| ४ | अपर्याप्त पूर्वाधार, कमजोर सडक अवस्था, सीमित यातायात सुविधा र हवाई सेवाको अभाव पर्यटन वृद्धिको प्रमुख बाधक बनेकोले यस तर्फ ध्यान दिने। | कर्णालीका पर्यटनमा वृद्धि ल्याउन यातायात र हवाई सेवाको अवस्था सुधार गर्न। | सडक सुधार, यातायात सुविधा विस्तार र हवाई सेवामा नियमितता र पहुँचयोग्यता सुनिश्चित गर्ने। |
| ५ | होटल उद्योगमा सरसफाइको कमी, स्वच्छ पानीको आपूर्ति र प्रशिक्षित जनशक्तिको अभाव सुधार गर्न सरकारको प्रोत्साहन आवश्यक छ। | पर्यटकहरूको अनुभवलाई सुधार्नका लागि राम्रो होटल सेवाहरू र सुविधाहरू आवश्यक। | होटल मालिकहरूलाई प्रोत्साहन गर्दै राम्रो सुविधाहरूमा लगानी गर्न र स्थानीय युवालाई आतिथ्य तालिम प्रदान गर्ने। पर्यटकको रोजाईको आधारमा उत्कृष्ट भएका होटलहरुलाई पुरस्कृत गर्ने। |
| ६ | ट्राभल एजेन्सीहरूले कर्णालीलाई राष्ट्रिय र अन्तर्राष्ट्रिय पर्यटकहरू माझ प्रवर्द्धन गर्न प्रोत्साहन। ट्राभल एजेन्सीलाई सम्मान। | कर्णालीको पर्यटकीय प्रवर्द्धनमा ट्राभल एजेन्सीहरूको सक्रिय भूमिका रहेको। खास गरी विदेशी पर्यटकहरुले ट्राभल एजेन्सिको सिफारिस अनुसार यात्रा तय गर्ने हुनाले। | सार्वजनिक-निजी साझेदारी र कर लाभद्वारा ट्राभल एजेन्सीहरूलाई कर्णालीको प्रवर्द्धनमा उत्प्रेरित गर्न। प्रदेश भित्र दर्ता भइ विदेश पर्यटकलाई पर्यटकिय स्थलमा पुर्याउने ट्राभल एजेन्सीलाई दर्ता एवं नविकरणमा छुट दिने एवं हरेक वर्ष धेरै विदेशी पर्यटक भित्राउने ट्राभल एजेन्सीलाई सम्मान गर्ने। |
| ७ | होटल र रिसोर्टहरूले स्थानीय उत्पादन र खाद्य वस्तुहरूलाई प्रवर्द्धन गरेर स्थानीय अर्थतन्त्रलाई सहयोग गर्ने वातावरण वनाउने। | स्थानीय अर्थतन्त्रलाई सुदृढ गरि पर्यटनमा योगदान पुर्याउन स्थानीय उत्पादनहरूको प्रयोग आवश्यक। | स्थानीय किसानहरूलाई व्यावसायिक स्तरमा कृषि र पशुपालनमा लगानी गर्न प्रोत्साहित गर्दै, स्थानीय युवालाई तालिम र सीप विकास प्रदान गर्न। |
| ८ | कम्पनी स्थापना देखि बन्दसम्मका सम्पूर्ण प्रशासनिक कार्यहरूको विकेन्द्रीकरण गरी कर्णाली प्रदेशमा कम्पनी रजिष्ट्रारको कार्यालय स्थापना। | कम्पनी प्रशासनको विकेन्द्रीकरणले कर्णालीमा कम्पनी स्थापना र सञ्चालनलाई सरल बनाउँछ। | कम्पनी ऐन संशोधनको लागि संघीय सरकारसँग समन्वय गर्दै कर्णालीमा कार्यालय स्थापना गरी सेवाप्रवाह सुनिश्चित गर्न। |